# लेखक परिचय

**कुलचन्द्र गौतम** : संयुक्त राष्ट्रसंघका सहायक महासचिव एवं युनिसेफको उप-कार्यकारी निर्देशक रहिसकेका गौतम सामाजिक र आर्थिक विकास, मानवअधिकार र बालकल्याणसम्बन्धी विशेषज्ञ हुन् । राष्ट्रसंघमा तीन दशकभन्दा लामो समय बिताएका उनी हाल स्वतन्त्र प्राज्ञिक अभ्यासमा छन् ।

**केशरबहादुर भण्डारी** : नेपाली सेनामा ३४ वर्ष बिताएर सहायकरथी पदबाट अवकाश पाएका भण्डारी सुरक्षा विश्लेषक हुन् । सेनाका तर्फबाट राष्ट्रिय सुरक्षा परिषद् सचिवालयमा कार्यरत रहँदा उनले नेपालको राष्ट्रिय सुरक्षा नीतिलगायत राष्ट्रिय चासोका दस्तावेजहरू मस्यौदा गरेका थिए ।

**खिम घले** : *कान्तिपुर दैनिक*का वरिष्ठ संवाददाता एवं यसको 'न्यूज पोर्टल' ई-कान्तिपुरको नेपाली ब्यूरोका प्रमुख घले लामो समयदेखि सुरक्षा मामिलासम्बन्धी रिपोर्टिङमा संलग्न छन् ।

**गेजा शर्मा वाग्ले** : नेपाल नीति अध्ययन संस्थान (निप्स) का महासचिव एवं सुरक्षा क्षेत्रका शोधकर्ता वाग्ले २०५८ देखि २०५९ सालसम्म तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको प्रेस सल्लाहकार थिए । उनीसँग विभिन्न राष्ट्रिय-अन्तर्राष्ट्रिय संस्थाको परामर्शदाता भई काम गरेको अनुभव छ ।

**दीपकप्रकाश भट्ट :** माओवादी सेनाका लडाकुहरूको रेखदेख, समायोजन र पुनःस्थापनासम्बन्धी प्राविधिक समितिको सदस्य रहेका भट्ट सैन्य एवं राजनीतिक मामिलाका विश्लेषक हुन् । उनले जवाहरलाल नेहरू विश्वविद्यालयबाट 'नेपाली सेनाको सामाजिक र राजनीतिक पक्ष' विषयमा विद्यावारिधि गरेका छन् ।

**ध्रुबकुमार :** त्रिभुवन विश्वविद्यालय अन्तर्गतको नेपाल तथा एशियाली अनुसन्धान केन्द्र (सिनास) सँग सम्बद्ध राजनीतिशास्त्रका प्राध्यापक ध्रुबकुमारले भर्खरै अवकाश लिए । उनका सुरक्षा मामिला एवं वैदेशिक मामिलासँग सम्बन्धित पुस्तकहरू प्रकाशित छन् ।

**पूर्ण बस्नेत :** पत्रकार बस्नेत नेपालको बामपन्थी आन्दोलनलाई नजिकबाट नियालिरहेका स्वतन्त्र पर्यवेक्षक हुन् । २०६६ साललेखि उनी हङकङमा बसेर पत्रकारिता गर्दैछन् ।

**बीपी कोइराला :** नेपालको पहिलो जननिर्वाचित प्रधानमन्त्री (२०१५-१७) र नेपाली काँग्रेसका संस्थापकमध्ये हुन् ।

**वर्षमान पुन 'अनन्त' :** माओवादी पार्टीको स्थायी समिति सदस्य 'अनन्त' माओवादी सेनाका इञ्चार्जसमेत हुन् । उनी माओवादी सेनाका लडाकुहरूको समायोजन तथा पुनःस्थापना विशेष समितिमा सदस्य छन् ।

**विवेककुमार शाह :** तत्कालीन राजदरबारमा तीन दशकभन्दा लामो समय बिताएका पूर्व प्रमुख सैनिक सचिव शाह नेपाली सेनाका अवकाशप्राप्त रथी हुन् ।

**शरद अधिकारी :** सैनिक मामिलामा चासो राख्ने पत्रकार अधिकारी हाल नेपाल प्रकृति संरक्षण कोषमा कार्यरत छन् ।

**साम कोवान :** नेपाली मामिलामा चाख राख्ने बेलायती सेनाका सेवानिवृत्त जनरल कोवानका नेपालसम्बन्धी लेख-रचना विभिन्न पत्रिकामा प्रकाशित भइरहन्छन् ।

**सुधीर शर्मा :** सुरक्षा मामिलामा अध्ययन-अनुसन्धान गरेका पत्रकार शर्मा *कान्तिपुर दैनिक*का सम्पादक हुन् ।